# जिल्ला समन्वय समितिको कार्यालय

काठमाडौं ।

☎ ०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या :- २०७४/०७५
चलानी नं.:- ८६६

मिति : २०७४/०७/२४

**विषय:- निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको Online System मा प्रविष्टि सम्बन्धी ।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
काठमाडौं महानगरपालिका
शंखरापुर/कागेश्वरी मनहरा/गोकर्णेश्वर/बुढानीलकण्ठ/टोखा/तारकेश्वर/नागार्जुन/चन्द्रागिरी/कीर्तिपुर/दक्षिणकाली नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरणको अभिलेख राष्ट्रिय सतर्कता केन्द्रको Online System मा जि.स.स.को कार्यालय मार्फत ७ दिन भित्र प्रविष्टि गरिसक्न लेखी आएको हुँदा तहाँ महा/नगरपालिकामा तोकिएको समय भित्र दर्ता भएको जनप्रतिनिधिहरुको सम्पत्ति विवरण सहित एक जना कर्मचारीलाई ३ दिन भित्र यस कार्यालयको सूचना शाखामा प्रविष्टिका लागि पठाईदिनु हुन अनुरोध गरिन्छ ।

(गोपाल कुमार अधिकारी)
जिल्ला समन्वय अधिकारी

**बोधार्थ:**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जनशक्ति विकास तथा स्थानीय तह कर्मचारी अभिलेख शाखा
सिंहदरवार, काठमाडौं ।

श्री राष्ट्रिय सतर्कता केन्द्र
सम्पति विवरण तथा अनुगमन शाखा
सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

(जनशक्ति विकास तथा स्थानीय तह कर्मचारी अभिलेख शाखा)

फोन { ४२००३०९, ४२००३८१

पत्र संख्याः- ०७४/७५

चलानी नं.:- 902

मितिः २०७४।०७।२४

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (७७ सबै) ।

विषयः <u>आ.व. २०७३/७४ को सम्पत्ति विवरण सम्बन्धमा</u> ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१) को प्रयोजनको लागि त्यस जिल्ला अन्तर्गत पर्ने सबै स्थानीय तह (गाउँपालिका/नगरपालिका) मा निर्वाचित जनप्रतिनिधिहरुको आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा हिस्सा सहितको सम्पत्ति विवरण भरी आ-आफ्नो स्थानीय तहमा दर्ता गरी सुरक्षित साथ राख्ने व्यवस्थाको लागि यस मन्त्रालयको च.नं. ३०२, मिति २०७४/०३/२८ को पत्रबाट पत्राचार गरिएको विदितै छ ।

राष्ट्रिय सतर्कता केन्द्रको च.न. ११२०७०००१४, मिति २०७४/०७/२३ गतेको पत्रबाट तोकिएको समयमा सम्पत्ति विवरण बुझाउने निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण उक्त केन्द्रको Website : bibaran.nvc.gov.np मा प्रविष्टि गर्नको लागि अनुरोध भई आएको हुँदा तहाँ अन्तर्गत पर्ने गाउँपालिका/नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुले सम्बन्धित कार्यालयमा बुझाएको सम्पत्ति विवरणको अभिलेख उक्त केन्द्रको Website : bibaran.nvc.gov.np मा प्रविष्टि गर्ने कार्य यसैसाथ संलग्न Handout बमोजिम तहाँ कार्यालयमा कार्यरत सूचना प्रविधिमा दखल भएको कर्मचारीहरुलाई खटाई ७ (सात) दिन भित्र सम्पन्न गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०७/२४ गतेको निर्णयानुसार अनुरोध छ । साथै उक्त कार्यको लागि आवश्यक Username र Password त्यस कार्यालयको email मा पत्राचार गरिएको व्यहोरा समेत अनुरोध छ ।

<u>प्रविष्टि सम्बन्धी जानकारीको लागि सम्पर्क व्यक्तिः</u>

एकराज पोखरेल

कम्प्युटर अधिकृत

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार

सम्पर्क नं.: ९८४१७१०७७८

(मिनाक्षी भुर्तेल)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय सतर्कता केन्द्र,

सिंहदरबार ।